स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्रीद्वय स्वस्तिमा खड्का र वर्षा राउत अभिनीत नयाँ फिल्म 'ऐँचो पैँचो' जनै पूर्णिमाको अवसर पारेर आगामी भदौ १४ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्देशक तथा निर्मात्री कृषा चौलागाईं र आरआर फिल्म्स बीच वितरण सम्बन्धी सम्झौतामा हस्ताक्षर भएपछि फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । केपी फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा स्वस्तिमा र वर्षाका अलावा मुकुन भुषाल, विशाल पहारी, कोरिष क्षेत्री, सुशिल सिटौला, शारदा गिरीको पनि अभिनय छ ।

आजको विचार...



नेपालमा...

(दुई पेजमा)

सुनिल पोखेल

'वीर विक्रम'बाट नेपाली रजतपटमा पाइला चालेकी दीया पुनको नयाँ फिल्म 'अन्तिम संस्कार' आउँदो शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । 'मिष्टर झोले', 'ह्याप्पी डेज', 'मन्त्र' लगायतका फिल्ममा प्रायः गाउँले युवतीको भूमिकामा देखिएकी उनी यसपटक डिएसपी (प्रहरी)को भूमिकामा छिन् । नयाँ र फरक भूमिकामा देखिएकाले फिल्मलाई लिएर उनी निकै उत्साहित छिन् । साथै, फिल्मका लागि सिंगो टिमले नै निकै मेहनत गरेको भएकाले पनि अपेक्षा रहेको उनी बताउँछिन् ।



❐ वर्ष २८ ❐ अंक ३२१ ❐ २०८० असार ४ गते सोमबार 19 June 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### उद्धार र राहतमा जुट्न प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं,** असार ३/प्रधानमन्त्री पुष्पकमल दाहालले पूर्वी देशका विभिन्न जिल्लामा बाढी पहिरोबाट बेपत्ता नागरिकको खोजी, उद्धार एवं राहतमा सक्रियतापूर्वक लाग्न निर्देशन दिएका छन् ।

प्रधानमन्त्री दाहालले बाढी प्रभावितको उद्धारमा जुट्न सुरक्षा अङ्ग, राष्ट्रसेवक कर्मचारीलाई निर्देशन दिँदै सो अभियानमा सहयोग गर्न आम जनसमुदायमा अपिलसमेत गरेका छन् । प्रधानमन्त्री दाहालले बाढी पहिरोका कारण भएको धनजनको क्षतिप्रति पनि गहिरो दुःख व्यक्त गरेका छन् । गए शनिबार राती पूर्वी नेपालमा आएको भारी वर्षाका कारण बाढी र पहिरो आउँदा सङ्खुवासभामा २१ र पाँचथरमा पाँच जना बेपत्ता भएका छन् । बाढीले मेची राजमार्ग अवरुद्ध भएको जनाइएको छ ।

यस्तै नेपाली काँग्रेसले पनि राहत र उद्धारमा खटिन अपिल गरेको छ । प्रभावितहरुको उद्धार, राहत र उचित बसोबासको व्यवस्था मिलाउनका लागि सहयोग गर्न कांग्रेसले पार्टीका नेता कार्यकर्ता, भ्रातृ एवम् शुभेच्छुक संस्थाहरुलाई अपिल गरेको हो । बाढी, पहिरो र डुबानबाट मृत्यु, बेपत्ता भएका र उठिबास लागेका नागरिकहरुप्रति सहानुभूति प्रकट गर्दै कांग्रेसले यस्तो घडीमा प्रभावित नागरिकको जीवन रक्षा, उद्धार र राहतको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सरकारसँग माग गरेको छ । तीन तहकै सरकारबाट यथाशीघ्र प्रभावित क्षेत्रमा उद्धार टोली खटाउन र थप मानवीय तथा भौतिक क्षति हुन नदिनका लागि आवश्यक समन्वय र व्यवस्थित योजना बनाउनका लागि कांग्रेसले आग्रह गरेको छ । **-रासस**

# पाल्पामा रोकिएन नदीजन्य पदार्थको अवैध दोहन

## जेसिबीसहित टिपर र ट्याक्टर नियन्त्रणमा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार ३/जिल्ला विपद् व्यवस्थापन समितिले पाल्पामा तीन महिना नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा, तथा माटो निकासीमा रोक लगाए पनि उत्खनन भने रोकिएको छैन् । समितिले असार १ गतेदेखि भदौ मसान्तसम्म पाल्पाका कुनै पनि नदी, खोलाबाट नदीजन्य पदार्थ निकाल्न नपाइने भने पनि त्यसको वेवास्ता गर्दै ठेकेदारले यहाँका नदी, खोलाहरुमा ढुंगा, गिटी निकासी गर्ने गरिएको पाइएको छ । नियामक निकायले अनुगमन गर्न नसक्दा नदीजन्य पदार्थको दोहन भइरहेको हो ।



पछिल्ला केही दिन यता तिनाउ र झुम्सा खोलाबाट अवैध रूपमा ढुङ्गा निकाल्ने काम भइरहेको छ । तिनाउ गाउँपालिकाको स्वीकृतिविना यहाँका खोलाहरुबाट अत्यधिक नदीजन्य पदार्थ दोहन भइरहेको हो । ढुंगा निकासी भइरहेको थाहा पाएपछि प्रहरीले भने केही दिन यता निगरानी बढाएको छ । उसले खोलाबाट अवैध रूपमा ढुंगा निकाल्न प्रयोग भएका जेसीबी, टिपर र ट्याक्टरलाई नियन्त्रणमा लिएको छ । प्रहरीले असार १ गतेदेखि ३ गतेसम्म अवैध रूपमा ढुंगा निकाल्न र ओसार पसार गर्न प्रयोग भएका ७ वटा उपकरणलाई नियन्त्रणमा लिइसेको छ । गत शुक्रबार तिनाउ गाउँपालिका-३, बेँसीस्थित तिनाउ खोलामा अवैध रूपमा ढुंगा उत्खनन् गरिरहेको दुई वटा जेसीबी र निकासी गर्दै गरेका दुई वटा ट्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी नायव निरीक्षकसहितको प्रहरी टोलीले ग १ क ४१०५ र ग १ क ५०२५ नम्बरको जेसीबीले खोलाबाट अवैध ढुंगा निकाल्दै गर्दा नियन्त्रणमा लिएको थियो । यस्तै प्रहरीले ना ३ त ९१६३ र लु २ त ३६१२ नम्बरको ट्याक्टरलाई पनि नियन्त्रणमा लिएको छ । त्यसको अर्को दिन शनिबार प्रहरी चौकी प्रभासबाट खटेको प्रहरी टोलीले अवैध ढुंगा उत्खनन् गरी ल्याउदै गरेको अवस्थामा ३ वटा टिपरलाई नियन्त्रणमा लिएको छ । तिनाउ गाउँपालिका-५ चरचरेस्थित भित्री सडक चिउरेबाट ढुंगा बोकी बुटवलतर्फ लैजादै गरेका हाईवा गाडी (टिपर) प्रहरीले नियन्त्रणमा लिएको हो । अवैध रुपमा ढुंगा बोकेका प्रदेश २-०३-०० १ ख ३२२९ , प्रदेश २-०३-०० १ ख २९९२ र प्रदेश २-०३-००१ ख २९९४ नम्बरका टिपरलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । उनका अनुसार नियन्त्रणमा लिएका गाडीहरु कारवाहीका लागि तिनाउ गाउँपालिकालाई जिम्मा दिइएको छ । अवैध रुपमा ढुंगा निकासी गर्दै आएका गाडीहरुलाई नियन्त्रणमा लिएर कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाइएको गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए । उनका अनुसार ति गाडीहरुबाट जरिवान लिइने छ । गाउँपालिकाको अनुगमन टोलीले झुम्सा खानेपानी आयोजना अन्तर्गतका निर्माण व्यवसायीबाट अर्को एउटा एक्काभेटरको चाबीसमेत नियन्त्रणमा लिएको अध्यक्ष श्रेष्ठले बताए ।

जिल्ला विपद् व्यवस्थापन समितिले वर्षाको समयमा विपद्का घटना बढाउने कार्य रोक्न भन्दै भदौसम्म नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा, तथा माटो निकासीमा रोक लगाएको छ । तर पनि त्यो क्रम रोकिएको छैन । संघीय सरकारले पुस २२ गतेदेखि मापदण्डविपरीत र अवैध क्रसर तथा बालुवा प्रशोधन उद्योगहरु बन्द गराएको थियो । पुन: सरकारले मापदण्ड नपुगेकालाई २०८३ असार मसान्तसम्म मापदण्ड पुऱ्याउने अवसर दिने निर्णय गरेकाले पनि अहिले जिल्लामा अवैध नदी तथा खोला उत्खनन् भइरहेका छन् । विशेष गरी जिल्लाको रामपुर, निस्दी, तिनाउ लगायतका स्थानीय तहका खोलाहरुबाट अवैध रुपमा गिट्टी-बालुवा चोरी निकासी हुँदै आएको छ । तर सम्बन्धित निकायबाट यसको निगरानी हुन नसक्दा चोरी निकासी रोकिन नसकेको हो ।

नदीजन्य तथा खानीजन्य पदार्थको अवस्था अनुगमन गर्न जिल्ला समन्वयन समितिका प्रमुख संयोजक रहने गरी जिल्लामा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति पनि छ । प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रहरी उपरिक्षक (एसपी) लगायतका सदस्य छन् । तर, यो समितिले जिल्लाका नदीजन्य तथा खानीजन्य पदार्थको दोहनको अवस्थाको प्रभावकारी अनुगमन गर्न सकेको छैन् । जसले गर्दा यहाँका नदी लगायत अन्य खोलाहरुबाट बालुवा, गिट्टी, ढुंगाजस्ता नदीजन्य पदार्थ अवैध तस्करी भइरहेको छ । अहिलेसम्म नदी तथा खोलाहरूमा अवैध नदी दोहन भइरहेको सूचना तथा जानकारी नआएको जिल्ला समन्वयन समितिका प्रमुख टंकनाथ खनालले बताए । 'अहिले त्यस्तो कुनै गुनासो तथा जानकारी आएको छैन, तिनाउ खोलामा केही अवैध ढुंगा निकालिएको भन्ने छ, त्यस विषयमा हामीले स्थानीय सरकारलाई तत्काल अनुसन्धान गरेर कारवाही गर्न भनेका छौं,' उनले भने, 'यदी कोही कतै अवैध रुपमा नदी र खोलामा दोहन भएको भेटिए अनुगमन गरेर कारवाही गर्छौं ।' उनले जानकारी नभएको भने पनि जिल्लाका रामपुर, निस्दी, तिनाउ लगायतका क्षेत्रमा दोहन भइरहेको स्थानीयहरूको गुनासो छ ।

# पाल्पामा डुबेर दुई जनाको मृत्यु

**पाल्पा,** असार ३/पाल्पाका विभिन्न नदी र खोलामा डुबेर दुई जनाको मृत्यु भएको छ । यहाँका कालीगण्डकी नदी र दोभान खोलामा डुबेर दुई जनाको मृत्यु भएको हो ।



चार दिन अघि कालीगण्डकी नदीमा डुबेर बेपत्ता भएकी एक किशोरी मृत फेला परेकी छन् । जिल्लाको रामपुर नगरपालिका-८, भुजातस्थित कालीगण्डकी नदीमा नुहाउने क्रममा जेठ ३२ गते बेपत्ता भएकी रामपुर -८, भुजातकी १४ वर्षीया पार्वती राम्जाली मृत फेला परेकी हुन् । नदीमा बेपत्ता भए पछि उनको प्रहरी, स्थानीय र आफन्तले खोजी गरेका थिए । खोज्ने क्रममा आइतबार विहान डुबेको स्थानदेखि १ किलोमिटर तल नदीमा शव फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । उनका अनुसार शवलाई पोष्टमार्टका लागि रामपुर अस्पताल पठाइएको छ ।

यस्तै पाल्पाको दोभान खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । रुपन्देहीको बुटवल उपमहानगरपालिका-११, श्रृजनानगर बस्ने ३४ वर्षीय लोकबहादुर रजाली मगरको पौडी खेल्ने क्रममा शनिबार बेलुकी खोलामा डुबेर मृत्यु भएको हो ।

तिनाउ गाउँपालिका-२, खुर्सेने नजिकै दोभान खोलामा साथीहरुसँग वनभोज खाना आएका रजाली मगर बेलुकी फर्किने क्रममा नभेटिएपछि खोजतलाज गर्दै जाँदा पानीमा डुबेको अवस्थामा भेटिएका थिए । तत्काल उपचारका लागि प्रादेशिक अस्पताल बुटवल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । घटनाको प्रहरी चौकी दोभान र जिल्ला प्रहरी कार्यालयबाट थप अनुसन्धान भइरहेको छ । शनिबार नै तिनाउ खोलामा डुबेर गुल्मीका एक किशोरको मृत्यु भएको थियो । पौडी खेल्ने क्रममा अचनाक बेपत्ता भएका गुल्मी सत्यवती गाउँपालिका-७, का १८ वर्षीय अभिषेक परियारको मृत्यु भएको हो ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मेयर हर्क साम्पाङबाट सिकौं

धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङको यतिबेला सर्वत्र चर्चा छ । प्रायः चर्चामा नै आइरहने उनी अहिले भने खानेपानी आयोजनाले पाएको सफलताका कारणले चर्चामा छन् । सामाजिक सञ्जालदेखि राष्ट्रिय, अन्तर्राष्ट्रिय मिडियामा समेत उनको चर्चा हुने गरेको छ । उनको चर्चा त्यसै भएको छैन । उनले श्रमदानबाटै काकुल बनेको धरानलाई ४९ दिनमा पानी दिन सफल भए । घना जंगलदेखि धरानमा पानी पुर्‍याउन त्यति सहज अवश्य पनि थिएन, तर मेयर हर्कको पहल र जनताको श्रमदानले कठिन कामले सफलता प्राप्त भएको छ । जुन आफैमा नमुना कामसमेत बन्न गएको छ । चुनावको बेला हर्कको बाचा थियो, 'धराने जनतालाई निःशुल्क खानेपानी पिलाउँछु ।' उनको वचनलाई जनताले पत्याए र धरानको मेयरमा समेत जिताए । त्यो जितलाई उनले जनताको जितका रुपमा लिएर र पानीका मुहान खोज्दै हिँडे । जनतालाई पानीको तिर्खा मेटाउन उनी आफैं ढुंगा र पानीका पाइप समेत बोके । उनको अभियानमा जनता पनि जोडिए । स्वदेशमा हुनेले श्रमदान गरे, विदेशमा हुनेले आर्थिक सहयोग गरे । जनतासँग जुन वाचा गरेका थिए त्यो अहिले उनले पूरा गरेर देखाएका छन् ।

बोलेको कुरा पूरा गरेको भनेर अहिले उनको प्रशंसा र सम्मानमा सामाजिक सञ्जाल रङ्गिन पुगेको छ । बाचा अनुसारको काम फत्ते गर्ने जनप्रतिनिधिका रूपमा उनी चर्चामा छन् । यस क्रममा उनले केही राजनीतिक दलका नेता तथा कार्यकर्ताको आलोचना सहे । तर, लक्ष्य पूरा गर्न निरन्तर लागिपरे । अन्ततः ४० किलोमिटर टाढाको दूरीबाट पानी ल्याएर उनले आफ्नो कबोल गरेको वाचा पुरा गरे । कुनै काम गर्न सरकारी बजेट नै नभएको गुनासो गर्ने जनप्रतिनिधिहरुका लागि मेयर साम्पाङ उदाहरणीय बनेका छन् । कुनै विकास निर्माणको लागि पैसा नै सबथोक हो भन्ने सोचलाई उनले परिवर्तन गरेका छन् । चुनावका बेला उम्मेदवारहरूले अनेकथरी वाचा गर्छन् । विजयपश्चात् अधिकांश खोला तर्‍यो, लौरी बिर्स्यो भ्रैं गर्छन् । विगतका प्रतिबद्धता चटक्कै भुल्छन् । जनप्रतिनिधि जीवनशैली फेरिन्छ । जनताको समस्या ज्यूँका त्यूँ हुन्छ । काम गरेर सानो नहुने हर्कजस्ता मेयर धेरैका लागि प्रेरणासमेत बन्न पुगेका छन् । यसर्थ जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरुले मेयर हर्कबाट सिको गर्न सकुन् ।

## Opinion @ Social Network

गुलाबको फूल भन्दा पनि तुल्सीको बोट
झैं बनाउनु छ जिन्दगी जसलाई रोज्न होइन खोज्न परोस् ।
*(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा रासायनिक मलको कारखाना कति जायज ?



## सुनिल पोखेल

**नेपालमा हाल रासायनिक मलमा ठूलो अनुदान सरकारले दिंदै आएको छ । विश्व बजारमा रासायनिक मलको मूल्य घटबढ भइरहने भएकोले हाल कृषि मन्त्रालयको सचिवको नेतृत्वमा एउटा समिति छ, त्यसैले रासायनिक मलको अनुदान पश्चातको मूल्य तोक्दै आइरहेको छ । कृषि सामग्री लिमिटेडले आफ्ना आधिकारिक बिक्री केन्द्र तथा विभिन्न सहकारी गरी देशभर ५३०० स्थानबाट रासायनिक मलको बिक्री-वितरण गर्दै आइरहेको छ । नेपालमा मुख्य गरी ६ प्रकारका रासायनिक मलहरूको आयात भइरहेको छ । युरिया, डीएपी, पोटास, एमोनियम सल्फेट, सिंगल सुपर फस्फेट र एमोनियम फस्फेट सल्फेट । नेपालमा रासायनिक मलको वार्षिक कुल माग ७ लाख मेट्रिक टन रहेको छ भने त्यसको आधा जति मात्र हाल आयात गरिदै आइएको छ ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणमा कैयौं सकारात्मक प्रयास र पहलकदमी भएका छन् । विगतका प्रधानमन्त्रीहरूमा कृषिसँग सम्बन्धित विषयवस्तुमा अनुदार र चासो नराख्ने समस्या थिए, तर प्रधानमन्त्रीले यसपटक नेपालको कृषिसँग सम्बन्धित विषयवस्तुहरूमा अलि बढी चासो दिएको हामी बुझ्न सक्छौं । यसबाट नेपालको कृषि क्षेत्रमा क्रियाशील हामी सबै उत्साहित र आशावादी पनि भएका छौं । यो प्रयास र चासोको लागि प्रधानमन्त्रीलाई धन्यवाद । प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणमा दुई देशका प्रधानमन्त्रीहरू पुष्पकमल दाहाल र नरेन्द्र मोदीको संयुक्त पत्रकार सम्मेलनमा विभिन्न आयोजनाका कुराहरूसँगै नरेन्द्र मोदीले एउटा एकदमै महत्वपूर्ण विषय बोले: त्यो हो- 'नेपालमा रासायनिक मलको कारखाना खोल्ने कुरामा भारतले सहयोग गर्ने ।' त्यसो त, यो कुरा अहिले मात्र आएको भने होइन, यसअघिका कृषिमन्त्री तथा नेपाली पक्षले भारतका विभिन्न नेता तथा अधिकारीहरूलाई यस कार्यको लागि सहयोग गर्न बारम्बार अनुरोध गरिरहेको कुरा सार्वजनिक भइरहन्थे । तर अहिले सडकदेखि सदनसम्म प्रधानमन्त्रीको भ्रमणको बेला भारतले जति नश्ल सुधारको लागि दिने मुर्रा जातका राँगाको चर्चा र बहस भइरहेको छ, त्यति यो विषयले न त सदनमा स्थान पाएको छ, न विज्ञ तथा आम सर्वसाधारणले यस विषयमा चर्चा गर्न रुचि देखाएका छन् ।

**रासायनिक मल र नेपाली कृषि**

नेपालमा सन् १९५० पछि मात्र रासायनिक मलको प्रयोग हुन थालेको हो । त्यसभन्दा अघि नेपालको कृषि पूर्ण रूपमा जैविक अभ्यासमा आधारित थियो । सुरुमा नेपालमा भारतबाट थोरै मात्रामा एमोनियम सल्फेट भित्र्याइयो, पछि नेशनल ट्रेडिङ लिमिटेड मार्फत रुसबाट रासायनिक मल आयात गर्न थालियो । क्रमशः नेपालमा रासायनिक मलको खपत बढाउन सरकारीस्तरबाटै विभिन्न कार्यक्रम तथा प्रचार-प्रसार भए । त्यसपछि सन् १९६६ मा मल आयातलाई थप सहज बनाउन कृषि मन्त्रालय अन्तर्गत कृषि सामग्री कम्पनी लिमिटेड गठन गरी रासायनिक मल आयातलाई बढाउँदै लगियो । सन् १९७४ बाट सरकारले मलमा अनुदान दिन सुरु गरेको थियो । पहिले पहिले विभिन्न मित्रराष्ट्रहरूले रासायनिक मल नेपाललाई सहयोग स्वरूप र अनुदानमा प्रदान गरे । तर हाल कम मुलुकहरूबाट नेपालमा रासायनिक मल आयात भइरहेको छ । अहिले नेपालमा कृषि सामग्री लिमिटेड मार्फत अनुदानको रासायनिक मल आयात भइरहेको छ । नेपालमा हाल रासायनिक मलमा ठूलो अनुदान सरकारले दिंदै आएको छ । विश्व बजारमा रासायनिक मलको मूल्य घटबढ भइरहने भएकोले हाल कृषि मन्त्रालयको सचिवको नेतृत्वमा एउटा समिति छ, त्यसैले रासायनिक मलको अनुदान पश्चातको मूल्य तोक्दै आइरहेको छ । कृषि सामग्री लिमिटेडले आफ्ना आधिकारिक बिक्री केन्द्र तथा विभिन्न सहकारी गरी देशभर ५३०० स्थानबाट रासायनिक मलको बिक्री-वितरण गर्दै आइरहेको छ । नेपालमा मुख्य गरी ६ प्रकारका रासायनिक मलहरूको आयात भइरहेको छ । युरिया, डीएपी, पोटास, एमोनियम सल्फेट, सिंगल सुपर फस्फेट र एमोनियम फस्फेट सल्फेट । नेपालमा रासायनिक मलको वार्षिक कुल माग ७ लाख मेट्रिक टन रहेको छ भने त्यसको आधा जति मात्र हाल आयात गरिंदै आइएको छ ।

**के हो मोदीले उल्लेख गरेको रासायनिक मल कारखाना ?**

सबैभन्दा पहिले रासायनिक मल तयार गर्ने जर्मनका वैज्ञानिक जस्टस भोन लिबिग हुन् । जसलाई रासायनिक मलको पिताको उपनामले पनि चिनिन्छ । नेपालमा रासायनिक मलमध्ये सबैभन्दा बढी प्रयोग हुने मल हो : युरिया । जुन किसानको बीचमा राम्रोसँग परिचित पनि छ । हामीले पत्रपत्रिकामा तथा अन्य संचारमाध्यममा युरिया लिनको लागि लागेको किसानको लाइनका समाचारहरू सुनिरहेका वा देखिरहेका हुन्छौं । त्यही युरिया बन्न निकै खर्चिलो प्लान्टको आवश्यकता पर्दछ, जुन विभिन्न रासायनिक प्रकृयाबाट बनाउने गरिन्छ । सन् २०२१ मा नेपालमा रासायनिक मल कारखाना स्थापनाको लागि सम्भाव्यता अध्ययन भएको थियो, जसमा दुई प्रकारका कारखानाको तुलनात्मक अध्ययन गरिएको थियो । ती हुन्- प्राकृतिक ग्याँसको प्रयोगबाट गरिने रासायनिक मल उत्पादन र वाटर इलेक्ट्रोलाइसिस विधिबाट रासायनिक मल उत्पादन पद्धति । अध्ययनको रिपोर्टले वार्षिक ७ लाख मेट्रिक टन प्राकृतिक ग्याँसबाट नाइट्रोजन युक्त रासायनिक मल बनाउन कुल ६६५ मिलियन अमेरिकी डलर अर्थात् नेपाली रुपैयाँ ८ अर्ब ७८ करोड ७५ लाख ३६ हजार खर्च हुने प्रक्षेपण गरिएको थियो भने वाटर इलेक्ट्रोलाइसिस विधिको लागि कुल १३०५ मिलियन अमेरिकी डलर अर्थात् नेपाली रुपैयाँ १७ खर्ब २४ अर्ब ४७ करोड १ लाख ३७ हजार लाग्ने देखिएको थियो । जुन अहिलेको समयमा बढेर अझै खर्चिलो हुने देखिन्छ । त्यति मात्र होइन प्राकृतिक ग्याँसबाट रासायनिक मल बनाउन दैनिक १ लाख ८० हजार युनिट बिजुलीको आवश्यकता पर्दछ साथै यस विधिबाट १ टन रासायनिक युरिया मल बनाउन ९ हजार २८० लिटर शुद्ध पानीको आवश्यकता पर्दछ । वाटर इलेक्ट्रोलाइसिस विधिमा दैनिक १ करोड ८ लाख युनिट बिजुली खपत हुने गर्दछ, सँगै यस विधिमा १ टन रासायनिक युरिया मल बनाउन २१ हजार ३०६ लिटर शुद्ध पानीको आवश्यकता पर्दछ ।

खर्बौं रुपैयाँ लगानी गरेको उद्योग जसको वातावरणीय हिसाबले देशलाई ठूलो घाटा छ । यस्तो कारखाना नेपाल जस्तो सानो र जैविक विविधताले सम्पन्न देशमा खोल्दा आयोजनाको आर्थिक, सामाजिक र सांस्कृतिक दिगोपनामा सरकारले विचार पुर्‍याउनुपर्ने देखिन्छ ।

**विकल्प के त ?**

नेपाल विश्व व्यापार संगठनको सदस्य राष्ट्र भइसकेको अवस्थामा हाम्रा उत्पादनहरूले यति खर्चिलो लगानी लगाएर उस्तै प्रकृतिका उत्पादनसँग बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था नै छैन । अहिलेको अवस्थामा पनि नेपालको अधिकांश पहाडी र हिमाली क्षेत्रमा रासायनिक मलको प्रयोग भइरहेको छैन, कर्णाली प्रदेश आफू अर्ग्यानिक बन्ने दिशामा काम गरिरहेको छ । यसबाट के बुझिन्छ भने यति सानो क्षेत्रफलको रासायनिक मलको माग आपूर्ति गर्न खर्बौंको बजेट खर्चिनु भन्दा हाल रासायनिक मल बिक्री गरिरहेका सहकारी, निजी क्षेत्र वा निजी साझेदारीमा सरकारले जैविक मल कारखाना खोलेर लामो समयदेखि रासायनिक मल प्रयोग भइरहेको माटोमा प्राङ्गारिक पदार्थ थपेर माटोको अवस्थामा सुधार ल्याउन ज्यादै कम खर्चमा अभियान नै चलाउन सक्दछ । एकातिर फोहोर व्यवस्थापन चुनौती बनिरहेको र अर्कोतिर माटोमा प्राङ्गारिक पदार्थ घट्दै गइरहेको यस अवस्थालाई सरकारले संयोजन गर्न सक्ने मात्र हो भने पनि कम खर्चमा दोहोरो काम हुन सक्थ्यो । साथै जैविक विविधतालाई कायम राख्दै नेपाली उत्पादनको मूल्य अभिवृद्धि ( भ्यालु एड) गर्न पनि सहज हुन्थ्यो ।

जैविक मल र ग्रामीण विकासबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । जैविक मलको प्रयोगले उत्पादन लागत घट्छ भने माटोको अवस्था सुधार पनि गर्छ । साथै यो मानव स्वास्थ्य र वातावरणमैत्री हुन्छ । यो दिगो उत्पादनको अवधारणा अनुरुप पनि हुन्छ । वातावरण संरक्षणले प्राणी र वनस्पतिको स्वस्थ जीवन सुनिश्चित गर्छ । यसबाट ग्रामीण एवं राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्छ । यसले सुधारिएको आत्मनिर्भर र दिगो जीविकोपार्जन सुनिश्चित हुन्छ । सरकारले ८० प्रतिशत रासायनिक मलमा अनुदान दिनुको साटो प्राङ्गारिक मल प्रयोगलाई जोड दिन प्राङ्गारिक मलमा अनुदान बढाउन सक्छ । त्यसैले सरकारले अबको दशकलाई रासायनिक मल न्यूनीकरणको दशक घोषणा गरी नेपाली कृषिलाई प्राङ्गारिक अभ्याससँग जोडेर लैजाने हो भने हामी दिगो लक्ष्यतर्फ तीव्रताका साथ अगाडि बढ्न सक्छौं । माथिको तथ्यले नेपालको कृषिले धान्न नसक्ने रासायनिक मल कारखाना खोल्नतर्फ भन्दा सरकारले रासायनिक मलको प्रयोग विस्तारै घटाउन प्रेरित गर्छ । प्राङ्गारिक खेती पद्धतिलाई जोड दिनसक्दा दिगो, वातावरणमैत्री, न्यून उत्पादन लागत, माटोको भौतिक र रासायनिक अवस्था सुधार गर्न सहयोग पुग्छ । साथै उत्पादित वस्तुको विश्व बजारमा विशिष्ट बजारीकरण गर्नतर्फ सरकार अग्रसर भए हामीले खुला बजारको कारण भोगिरहेका बजारका समस्या पनि समाधान हुने थिए ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। | **तुला** : बौद्धिकताको विकास हुनेछ । आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । |
| **वृष** : चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ। | **वृश्चिक** : सम्मान प्राप्त हुनेछ । शैक्षिक क्षेत्रबाट पनि राम्रो नै हुनेछ । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । | **धनु** : प्रेम सम्बन्ध लागि श्रेष्ठ समय रहेको छ । दिन शुभ हुनेछ । |
| **कर्कट** : तनाव बढेको महसुस हुन्छ । मनमा निराशा र शरीरमा आलस्य आउला। | **मकर** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। छोटो दुरीको लाभदायक यात्रा हुनेछ । |
| **सिंह** : मित्रबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ । | **कुम्भ** : कला र गलाको प्रभाव बढ्नेछ। सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ । |
| **कन्या** : मनमा प्रसन्नता छाउनेछ । विद्या र बुद्धिको विकास हुनेछ । | **मीन** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ । |



# विद्यालय पुग्न साढे दुई घण्टा पैदल !



बागलुङको गलकोट नगरपालिका-१ दुदिलाभटीको हलहलेका अश्विन पुन: बिहान साढे ७ बजे विद्यालय अध्ययनका लागि हिँड्छन् । दुदिलाभाटीमा रहेको चौराहा माविमा कक्षा २ मा अध्ययन गर्ने पुन बिहानै घरबाट ननिस्के समयमा विद्यालय पुग्दैनन् । कक्षा ६ मा पढ्ने दाजु रोशन पुनसँगै उनी विद्यालय पुग्छन् । विद्यालय जाँदा ओरालोबाटो साढे दुई घण्टामा विद्यालय पुग्ने पुनका दाजुभाइ घर फर्किंदा भने तीन घण्टा समय लाग्छ । रोशन र अस्विनका कान्छा भाइ भने चौराहा आधारभूत विद्यालय गाभिएपछि बनाइएको बालविकास केन्द्रमा अध्ययन गर्छन् । कक्षा १ पढ्न उनलाई पनि चौराहा मावि नै पुग्नुपर्ने बाध्यता छ । गाउँ नजिकै रहेको चौराहा आधारभूत विद्यालय चौराहा माविमा गाभिएपछि अश्विन साढे दुई घण्टाको यात्रा गरेर विद्यालय पुग्न बाध्य भएका हुन् । उनका दाजु रोशन भने कक्षा ३ सम्म चौराहा आधारभूतमा अध्ययन गरेर कक्षा ४ देखि चौराहा माविमा भर्ना भएका हुन् । "भएको खेतीपाती सबै यतै छ, बसोबास यतै भएकाले हामी अन्त जान सकेनौँ," उनीहरुका बुबा रोम पुनले भने, "पायकमा विद्यालय नहुँदा बाबुहरुलाई असुविधा भएको छ, नजिकमा भएको विद्यालयसमेत गाभियो, हामी समस्यामा परेका छौँ ।" विद्यालयबाट फर्किंदा छोराहरु थकित भएर फर्किने गरेको उनले सुनाए । स-साना बालबालिकालाई विद्यालय गाभिएपछि नजिकको विद्यालय पुग्न कठिन भएको उनको गुनासो छ ।

चौराहा आधारभूत विद्यालयमा कक्षा ३ सम्म पठनपाठन हुँदै आएको थियो । गलकोट नगरपालिकाले विद्यार्थी संख्या कम भएका विद्यालय नजिकको विद्यालयमा गाभ्ने मापदण्ड बनाएपछि चौराहा माविमा गाभिएको हो । नगरपालिकाले 'विद्यालय मर्ज तथा तह मिलान मापदण्ड-२०७९' तयार गरेर कार्यान्वयनमा ल्याएको छ । दुई जनाको दरबन्दी रहेको विद्यालयबाट एक जनाको दरबन्दी गत वर्ष नै अन्य विद्यालयमा समायोजन गरिएको थियो । विद्यालयका प्रधानाध्यापक समेत रहेका संस्थापक शिक्षक मनबहादुर विकलाई चौराहा माविमा हाजिर हुनेगरी विद्यालय गाभिएको हो । "कक्षा १ देखि ३ सम्म चार र बालविकास उमेर समूहका पाँचजना विद्यार्थी थिए," चौराहा आधारभूत विद्यालयका प्रधानाध्यापक विकले भने, "नगरको निर्देशन मान्नै पर्‍यो, विद्यालय समायोजन भएपछि हलहलेका बालबालिकालाई विद्यालय पुग्न कठिन भइरहेको छ ।" शिक्षासँग सम्बन्धित कानुनहरुले स-साना बालबालिकाका लागि बढीमा आधा घण्टाको दूरीमा विद्यालय हुनुपर्ने व्यवस्था गरेको छ । तर, भौगोलिक कठिनाइ, स्रोत साधानको अभावलगायतका कारणले बालबालिका घण्टौँ पैदल हिँड्न बाध्य छन् । विसं २०४७ मा स्थापना भएको विद्यालयले तत्कालीन समयमा ४५ जना विद्यार्थीलाई पठनपाठन गराएर सेवा दिँदै आएको थियो । बसाइँसराइका कारण गाउँ नै रित्तिएपछि विद्यार्थी संख्या नपुगेर विद्यालय गाभिने अवस्था आएको विकले बताए । "गाउँमा बस्ती नै छैन्, बच्चा जन्माउने दर निकै कम छ", विकले भने, "वैदेशिक रोजगारीको सिकार भयो विद्यालय, युवा विदेश गए, परिवारले गाउँ छोडे, परिवारसँगै बालबालिका बजार झर्दा विद्यालय गाभिने अवस्थामा पुग्यो ।" विद्यालय गाभिँदा असहज हुने विद्यार्थीका लागि नगरपालिकाले सवारी साधन भाडा दिने नीति बनाएको छ । तर, विद्यार्थी र अभिभावकले भने त्यस विषयमा कुनै जानकारी नै नरहेको बताउँछन् । "टाढाका विद्यार्थीलाई उपयुक्त व्यवस्था गर्नुपर्ने हो, तर हामीलाई त कसैले हेर्दैन," अभिभावक रोम पुन भन्छन् । वर्षाको समयमा पुन दाजुभाइलाई विद्यालय पुग्नै कठिन हुने गरेको छ । बालमैत्री घोषणा भएको नगरपालिकामा पढ्नकै लागि दैनिक पाँच घण्टा पैदल हिँड्नुपर्ने बाध्यता हुन दुर्भाग्य भएको गलकोटकै एक शिक्षकले बताए । गलकोट नगरपालिकाले केही हप्ता अघिमात्रै तामझामका साथ बालमैत्री नगर घोषणा गरेको थियो ।

गलकोट नगरपालिकाले कुनै स्थान विशेषभन्दा पनि समग्र नगरको अवस्था हेरेर विद्यालय गाभ्ने निर्णय गर्दा केही विद्यार्थीलाई असहज भएको जनाएको छ । "विद्यार्थी नै नभएको ठाउँमा सरकारले खर्चमात्रै गर्ने कुरा भएन, समस्या भएका बालबालिकालाई यातायात खर्च दिने गरी पत्राचार गरेर विद्यालय गाभिएको हो", नगर शिक्षा अधिकारी रुद्रनारायण सापकोटाले भने, "यातायात खर्च दिँदासमेत समस्या हुने बालबालिकाका लागि आवासीय सुविधा दिने विषयमा समेत छलफल भइरहेको छ ।" विद्यालयभन्दा टाढा रहेका विद्यार्थीका लागि यातायात खर्च उपलब्ध गराउन पाँच सदस्यीय समिति बनेको छ । "सरकारी खर्च त्यसै गर्न मिलेन, विधि बन्दैछ, हामी खर्च उपलब्ध गराउँछौँ", उनले भने । गलकोटले चालु शैक्षिक सत्र सुरुआत हुनुपूर्व चार विद्यालय गाभेको छ भने केही विद्यालयमा तह मिलान गरेको छ । ***-रासस***

# सामुदायिक विद्यालयमा घटे विद्यार्थी



यहाँका सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्दै जान थालेको छ । कतिपय विद्यालयमा कक्षा नै खाली भएकोसमेत देखिएको छ । अभिभावकको अंग्रेजी मोह, बसाइँसराइ, जन्मदरमा कमी, अभिभावक बजारमा बसेर सन्ततिलाई बजारमै पढाउने कारण गाउँका विद्यालयमा विद्यार्थी घट्दै गएको पाइएको हो । दुर्गम ठाउँमा मात्रै नभएर सुगम ठाउँमा पनि विद्यालय खाली हुन थालेको देखिएका छन् । कुश्मा नगरपालिका-९ कटुवाचौपारीस्थित चम्डिलामा रहेको जनप्रिय प्राथमिक विद्यालय पनि रित्तिन थालेको छ । कक्षा १ देखि ५ सम्म पढाइ हुने उक्त विद्यालयमा अहिले ११ मात्रै विद्यार्थी पढ्दै आएका छन् ।

कक्षा ५ मा एक जना पनि विद्यार्थी छैनन् । कक्षा १ मा दुई, कक्षा २ मा तीन, कक्षा ४ मा छ विद्यार्थी रहेका छन् । विगतमा भरिभराउ रहेको सो विद्यालय अहिले खाली भएको हो । प्रधानाध्यापक कमला शर्माले विद्यालयको पढाइ राम्रो भएपनि अभिभावकले विश्वास नै नगर्ने समस्याले विद्यालयको स्थिति कमजोर बनेको बताइन् । उनले नजिकैको माध्यमिक विद्यालय, बोर्डिङ स्कुल र सदरमुकामका बोर्डिङमा बालबालिका पढ्न जाने भएकाले आफ्नो विद्यालयमा विद्यार्थी संख्या न्यून भएको बतइन् । उक्त विद्यालयमा स्थायी, निजी स्रोत र बालविकासका शिक्षक तथा कार्यालय सहयोग गरेर छ जना कार्यरत छन् । विसं २०५६ मा समुदायको आवश्यकता र औचित्यताका आधारमा स्थापना भएको यो विद्यालय समूदायकै चासो र चिन्ता नहुँदा विद्यार्थीविहीन बन्न थालेको सरोकारवाला बताउँछन् ।

प्रधानाध्यापक शर्माले भर्ना अभियान, घरदैलो र विद्यालय सुधारका बारेमा नियमित छलफल चलाउँदै आए पनि अभिभावकले आफ्ना छोराछोरीलाई बोर्डिङमा पठाउँदा विद्यालयमा विद्यार्थी बढ्न नसकेको दुखेसो गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वासुदेव लामिछानेले समुदाय र शिक्षकको चासो बढ्ने हो भने विद्यालयमा विद्यार्थी बढाउन सकिने बताए । उनले यसका लागि सबैले कोशिस गर्नुपर्ने बताए । शिक्षकले नै आफ्ना छोरानातिलाई बोर्डिङमा पठाउने गरेको र अभिभावकले सरकारी विद्यालय भनेर हेलाको दृष्टिले हेर्दा विद्यार्थी संख्या बढाउन नसकेको लामिछानेले बताए । वडाध्यक्ष राम शर्मा लामिछानेले उक्त विद्यालयको समस्याका बारेमा नगरपालिकामा आफूले धेरै पटक जानकारी दिइसकेको बताए । विद्यार्थी संख्या बढाउन विद्यालय प्रशासन र समुदायलाई ध्यानाकर्षण गराए पनि सुधार हुन नसकेको लामिछानेले बताए । विद्यालयमा विद्यार्थी संख्या बढाउने वा नजिकैको विद्यालयमा गाभ्ने भन्ने विकल्पमा रहेको जनाउँदै उनले वडाका तर्फबाट सहजताका लागि पहल भइरहेको लामिछानेले बताए । यहाँका ग्रामीण क्षेत्रमा रहेका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्दै गएको शिक्षा विकास समन्वय एकाइका प्रमुख उद्धिमराज पौडेलले बताए । ***-रासस***

# लेख कि मर !

**प्रा. देवीभक्त ढकाल**

स्वास्थ्य र शिक्षा जनताको भाग्य तथा भविष्य निर्धारण गर्ने विकासका अकाट्य पूर्वाधार हुन् । शिक्षा र स्वास्थ्यको गुणात्मक विस्तारविना देशको भौतिक, सामाजिक र अध्यात्मिक प्रगति सम्भव छैन । विकसित देशहरूको इतिहासलाई पल्टाउने हो भने स्वास्थ्य र शिक्षा क्षेत्रको गुणस्तरीय विकासबाट उनीहरूले आधुनिक विकासको प्रारम्भ गरे । स्वास्थ्यको हेरचाहको सुरुआत रुग्ण अवस्थाबाट हुने भएकाले दोजिया आमाहरू नै देशको स्वास्थ क्षेत्रको केन्द्रबिन्दुमा पर्छन् । नेपालमा शिक्षा र स्वास्थ्य क्षेत्रको विकासको प्रारम्भ २००७ को राजनीतिक परिवर्तनपछि भयो । राजनीतिक चेतनाले नै विकासको आवश्यकता र महत्वलाई जनताले आत्मसात गर्न थाले । शिक्षा र स्वास्थ्यको दूरगामी प्रभावलाई बुझ्ने क्षमताको विस्तारले शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा जबरजस्त जनदबाब सिर्जना हुन थाल्यो । अझै पनि हामी स्वास्थ्य र शिक्षण संस्थाहरूको संख्यात्मक वृद्धिको चरणमा छौं । गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधा आमनागरिकको समान पहुँचका लागि भौतिक साथै जनशक्ति उत्पादनको प्रारम्भिक चरणमा छौं तसर्थ हामीले अझै यी क्षेत्रमा धेरै काम गर्न बाँकी छ ।

शिक्षा र स्वास्थ्य दुवै क्षेत्र एकआपसमा अत्यन्तै अन्तरसम्बन्धित छन् । शिक्षाको विकास नगरिकन स्वास्थ्य क्षेत्रको विकास असम्भव हुन्छ भने स्वास्थ्यको विकासविना शिक्षा क्षेत्रको विकासको कल्पना गर्न सकिँदैन । सर्वप्रथम जनशक्ति स्वस्थ्य नभइकन उसले न त शिक्षा लिन सक्छ न त कार्यक्षमता अभिवृद्धि गर्छ । फेरि शिक्षाविना स्वास्थ्य क्षेत्रमा योगदान गर्ने सम्भावना हुँदैन । विकासको प्रारम्भिक चरणमा राज्यले दुवै क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्छ । स्वास्थ्य क्षेत्रमात्रै होइन सबै क्षेत्रहरूको जनशक्ति आपूर्ति गर्ने जिम्मेवारी शिक्षा क्षेत्रको हो । जनशक्तिलाई स्वस्थ राख्ने जिम्मेवारी फेरि स्वास्थ्य क्षेत्रको भएकाले यी दुवैको अन्तरनिर्भरता विशिष्ट प्रकारको छ । त्यसैले विकासलाई भरपर्दो र गुणस्तरीय बनाउने मुख्य पूर्वाधार भनेको नै गुणस्तरीय स्वास्थ्य र शिक्षा हुन् । यी दुई क्षेत्रहरूको विस्तारविना विकास र समृद्धिको कल्पना गरिँदैन । तसर्थ यी दुई क्षेत्र मुख्य प्राथमिकतामा पर्छन् । अहिले शिक्षा र स्वास्थ्य सुविधाको विस्तारको चरणबाट हामी गुणस्तरीयको चरणमा प्रवेश गरेका छौं । शिक्षा र स्वास्थ्यको पहुँचले मात्रै समाज लाभान्वित हुँदैन । समाज लाभान्वित हुन ती क्षेत्रबाट वितरित सेवा गुणस्तरीय हुनैपर्छ । तसर्थ नेपालले शिक्षा र स्वास्थ्य क्षेत्रको विस्तारका अतिरिक्त अब मुख्य ध्यान गुणस्तरीयमा दिनुपर्छ । गुणस्तरीयको तुलना हिजोसँग होइन विश्वमा विकसित प्रविधि अनुसारको गुणस्तरीयता भन्ने अर्थमा बुझ्नुपर्छ । विकासलाई हिजोसँग तुलना गरेर चित्त बुझाउने होइन छिमेकसँग तुलना गर्नुपर्छ । त्यस कोणबाट हामीले थुप्रै मिहिनेत गर्नुपर्छ । विकास अर्थात् समृद्धिका लागि स्वास्थ्य र शिक्षाको विशेष भूमिका हुँदाहुँदै पनि शिक्षा हाम्रो सन्दर्भमा अझ महत्वपूर्ण हुनसक्छ । किनकि स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय बनाउने भूमिका शिक्षाको हुन्छ । शिक्षाले देशलाई आवश्यक पर्ने विभिन्न क्षेत्रका जनशक्ति उत्पादन गर्छ । ती जनशक्तिले देशका प्राकृतिक र मानव सम्पदालाई वैज्ञानिक परिचालन गर्दा खुम्चिएको रोजगारी र उत्पादन एकैसाथ वृद्धि हुन्छ । देशका विविध समस्याको समाधानको आधार योग्य र दक्ष जनशक्तिको उत्पादन हो । हाम्रा विद्यालय र विश्वविद्यालयअन्तर्गतका स्कुल र कलेजहरूको पठनपाठनको गुणस्तरीयताले नै हाम्रो शिक्षाको र समाजको गुणस्तरीय प्रदर्शन गर्छ । सभ्य र नैतिकवान समाज निर्माणमा गुणस्तरीय शिक्षाको मुख्य भूमिका हुन्छ । विद्यालय, विश्वविद्यालयअन्तर्गत शिक्षण, प्राध्यापन क्षेत्रमा कार्यरत शिक्षक-प्राध्यापकहरूको राजनीतिक संलग्नता र निकटताको दुष्प्रभावबाट शिक्षा क्षेत्र संक्रमितमात्रै छैन प्रदूषित छ । शिक्षण र प्राध्यापन क्षेत्रमा मिहिनेत गर्दा भविष्य उज्यालो हुन्छ भन्ने मान्यतालाई नै राजनीतिले कुल्चेको छ । किनकि राजनीतिक निकटता र सम्पर्कको आधारमा हुने जिम्मेवारी वितरण र पदोन्नतिको व्यवस्थाका कारण शिक्षण र प्राध्यापनमा विशिष्टता हासिल गर्ने अध्ययनको विषय अहिले प्राथमिकतामै छैन । त्यसैले हाम्रो शिक्षाको गुणस्तर खस्केको हो । दुर्भाग्य नै भन्नुपर्छ सबै पार्टीहरूले स्कुले कलिला बालबालिकादेखि कलेजका विद्यार्थीहरूलाई कार्यकर्ता बनाउन प्रतिस्पर्धा गर्छन् । परिणामस्वरूप विद्यार्थीहरूमा शैक्षिक उन्ययनभन्दा राजनीतिले भविष्य उज्यालो हुन्छ भन्ने गलत संस्कार र संस्कृतिको परिणाम हो खस्कँदो गुणस्तर ।

छात्र संगठनहरूमा जो सक्रिय रहे तिनीहरू राज्यको नीति निर्माणतहमा राजनीतिका माध्यमले सजिलै पुगे । लोकसेवा पास गरेर सरकारी सेवामा प्रवेश गर्दा पनि विद्यार्थीकालमा संगठनमा भएको सक्रियताको आधारमा पदोन्नतिदेखि आकर्षक ठाउँमा पदस्थापन र सरुवासमेत हुँदै आएको अवस्थाले कलेजमा विद्यार्थी मिहिनेत गरेर शैक्षिक उन्नति गर्नुपर्ने मुख्य दायित्वलाई बिर्सेर उनीहरूको ध्यान राजनीतिमा केन्द्रीकृत हुँदा गुणस्तरीयता खस्केको हो । फेरि पठनपाठनको शैली र पद्धतिले शिक्षाको गुणस्तरलाई प्रभावित गर्छ । उदाहरणका लागि नोट लेखाउने शैलीले प्राध्यापक र विद्यार्थी दुवैको सिर्जनात्मकता र विषयवस्तुको गहिराइमा पुग्न अवरोध गर्छ । कल्पनाशक्ति र सिकाइको घेरालाई साँघुरो बनाउँछ । तसर्थ नोट लेखाउने प्रचलनले विद्यार्थी र प्राध्यापकसमेतको सिक्ने, जान्ने, खोज्ने, चिन्तन गर्ने मनोविज्ञानमा नकारात्मक प्रभाव पारेको छ । विद्यार्थीको सिर्जनशीलता र अन्वेषणत्मक क्षमतालाई नोट लेखाइले अभिवृद्धि गर्दैन उल्टै संकुचित बनाउँछ । विद्यार्थीको कर्तव्य र दायित्व पठनपाठनमा मिहिनेत गर्नु हो भन्ने विषयवस्तुबाट विषयान्तर हुने परिस्थिति सिर्जना गर्ने हाम्रो राजनीति नै गुणस्तर खस्काउन जिम्मेवार छ । शिक्षाको गुणस्तर खस्कनु भनेको देशको सामाजिक आर्थिक, सांस्कृतिक आदि अवस्था खस्कनु हो । अहिलेको अभाव, गरिबी, भ्रष्टाचार र कुशासन जस्ता विकृतिका कारण शिक्षाको गुणस्तरहीनता हो । विकासको, सुशासनको र समृद्धिको कुरा शिक्षाको गुणस्तरीयसँग सम्बन्धित छ । शिक्षालाई यथास्थितिमा राखेर विकास र समृद्धि हुन्छ भन्नु जनतालाई धोका दिनु हो ।

विद्यार्थी, शिक्षक तथा प्राध्यापकहरूलाई पार्टीले आफ्नो कार्यकर्ता बनाउने आपराधिक काम गर्छन् । शिक्षक-प्राध्यापकको राजनीति भनेको नै पेशाप्रतिको इमानदारी र समर्पण हो । शैक्षिक उन्नयनमा हुने लगनशील नै शिक्षक र प्राध्यापकको राजनीति हुनुपर्छ न कि अमुक पार्टी वा नेतासँगको निकटता । शैक्षिक गुणस्तरीयका लागि पेशागत विशिष्टताबाहेकका क्रियाकलाप प्रतिबन्धित गर्नुपर्छ र समाजले पनि पेशागत क्रियाकलाप बाहिरका गतिविधिलाई उपेक्षा र घृणाको भावले हेर्नुपर्छ । पार्टी पिच्छेका संगठनहरूले शिक्षक र विद्यार्थीलाई दिग्भ्रमित गरेका छन् । पेशागत विशिष्टतालाई सम्मानको दृष्टिले हेर्दा नि:सन्देह सम्बन्धित व्यक्तिमा लगनशीलता र सिर्जनशीलताको अभिवृद्धि हुन्छ । यसका लागि पेशागत मूल्य र मान्यताप्रतिको समर्पण साथै दण्ड र पुरस्कारको व्यवस्थाले पक्कै पनि सकारात्मक प्रभाव पार्छ । उच्च शिक्षाले देश विकासमा महत्वपूर्ण योगदान गर्ने सक्षम र निर्णायक जनशक्ति आपूर्ति गर्छ । गुणस्तरीय शिक्षाले हाम्रा स्रोतसाधनलाई उच्चतम परिचालन गर्ने विधि र प्रविधिको स्वत: विकास गर्ने हुँदा उच्च शिक्षाको गुणस्तरीयको सर्वाधिक महत्व हुन्छ । त्रिभुवन विश्वविद्यालयको आर्थिक विकास तथा प्रशासनिक अनुसन्धान केन्द्र सेडामा ४२ वर्ष पहिल्यै यो स्तम्भकार सरिक भएको सेमिनारमा अमेरिकी विश्वविद्यालयका प्राध्यापकले व्यक्त गरेको विचारलाई प्रस्तुत गनु सान्दर्भिक लाग्यो । उनले भनेका थिए अमेरिकी विश्वविद्यालयहरूका प्राध्यापकबीच एउटा भनाइ अत्यन्तै प्रचलित छ । त्यो हो 'आइदर राइट अर डाइ' अर्थात् लेख कि मर । शिक्षण वा प्राध्यापन पेशामा हुनेहरूले यदि लेख्दैनन् भने उनीहरू पढ्नमा जिज्ञासु हुँदैनन् । जसले पढ्नमा आफूलाई जिज्ञासु बनाउँदैन उसले ज्ञान अभिवृद्धि गर्न सक्दैन । लेख्नु भनेको ज्ञान थप्नु हो । विचार सार्वजनिक गर्नु हो । ज्ञान अभिवृद्धि जसले गर्दैन त्यसले विद्यार्थीलाई पर्याप्त ज्ञान दिन सक्दैन । जसले लेख्छ उसले अवश्य पढ्छ । जसले पढ्दैन उसले लेख्न सक्दैन । जसले पढ्छन् फेरि सबैले लेख्न सक्छन् भन्ने पनि छैन । एउटा निश्चित के छ भने लेख्नेले पढ्छ नै । जसले पढ्छ उसले आप्ना ज्ञानका घेरा बढाउँछ । जोसँग ज्ञान छ उसले विद्यार्थीलाई पर्याप्त ज्ञान दिने क्षमता राख्छ । लेखनको लत भएको प्राध्यापक गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुन्छ । त्यो सक्षमताको स्रोत भनेको सम्बन्धित व्यक्तिको लेखन क्षमता हो ।

लेखन क्षमताको अभिवृद्धले उसको ज्ञानको घेरा बढ्छ । वृद्धि भएको ज्ञानले प्राध्यापन गुणस्तरीय हुन्छ । परिणामस्वरूप त्यस्ता प्राध्यापकहरूले विद्यार्थीलाई अध्ययनशील हुन प्रेरित गर्दछन् । त्यसैले सबै विश्वविद्यालयले आप्ना मातहतका प्राध्यापकहरूलाई वर्षमा न्यूनतम् संख्यामा आप्नो विषयसँग सम्बन्धित खोज तथा अनुसन्धानमूलक आर्टिकल लेख्न अनिवार्य गर्ने नीति विश्वविद्यालयले बनाए भने शिक्षाको गुणस्तरमा नि:सन्देह अभिवृद्धि हुन्छ । जसले निर्धारित संख्यामा आर्टिकल लेख्दैन उसको वार्षिक ग्रेड वृद्धिलाई र पदोन्नतिलाई रोक्ने नीति विश्वविद्यालयहरूले अवलम्बन गरे भने हाम्रो शिक्षाको गुणस्तर निश्चितरूपमा अभिवृद्धि गर्छ । शिक्षाको गुणस्तरको अभिवृद्धिले हाम्रो अभाव, गरिबी, पछौटेपन, कुशासन, भ्रष्टाचार आदिको राम्रो उपचार स्वत: खोज्छ । गुणस्तरीय शिक्षाका माध्यमले उत्पादन हुने विशिष्ट जनशक्ति वास्तवमा देशका सबै समस्याको साधनका सूत्रहरू हुन् । शासनमा अराजकता र राजनीतिमा नैतिकताको खडेरीको एकमात्र उपचार गुणस्तरीय शिक्षा बन्न सक्छ । शिक्षक र प्राध्यापकको काम समाजमा ज्ञान सम्प्रेषण गर्नु हो । शिक्षक, प्राध्यापक जसले लेख्छ उसले पढ्ने अभिरुचि राख्छ । सबै लेखकहरूले अवश्य पढ्छन् तर सबै पढ्नेले लेख्छन् नै भन्ने हुँदैन । त्यसैले शिक्षक र प्राध्यापकहरूलाई अध्ययनशील बनाउन विषयगत लेखनलाई अनिवार्य गर्ने नीति बन्न जरुरी छ । जसले लेख्ने गर्छ उसले अत्यन्तै गम्भीरतापूर्वक पढ्छ । एउटा लेखकले जति पढ्छ बुझेर पढ्छ । किनकि ती विषयवस्तुलाई उसले लेखको माध्यमले अभिव्यक्त गर्नुपर्ने भएकाले विषयवस्तुको गहिराइसम्म पुग्छ । अमेरिकाको विकासमा विश्वविद्यालयहरूका र विद्यावारिधिका अनुसन्धानको महत्वपूर्ण भूमिका छ ।

***-इहिमालय टाइम्स डटकम***

# विद्यार्थीमार्फत प्लास्टिकजन्य फोहोर संकलन



**वालिङ,** असार ३/ स्याङ्जाको फेदीखोला गाउँपालिकाले विद्यार्थीमार्फत प्लास्टिकजन्य फोहोर संकलन गर्ने अभियान थालेको छ । समुदाय, विद्यालय तथा विभिन्न ठाउँमा छरिएर रहेका प्लास्टिकजन्य फोहोरका कारण वातावरण प्रदूषण बढ्दै गएकाले यसको प्रयोगमा निरुत्साहित गर्ने उद्देश्यले विद्यार्थीमार्फत फोहोर संकलन अभियान थालिएको हो । 'बिट प्लास्टिक पोलुसन' भन्ने अभियानसहित गाउँपालिकावासी तथा विद्यार्थीले वर्षभरिको प्लास्टिकजन्य फोहोर संकलन गरी तौलको आधारमा पुरस्कार दिने योजना अगाडि सारिएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले जानकारी दिए । 'प्लाष्टिकबाट हुने प्रदूषणले हाम्रो समुदायलगायत समग्र विश्व नै आक्रान्त पारिरहेको छ' उनले भने, 'गाउँपालिकाभित्रका प्रत्येक विद्यार्थीलाई घर तथा घर वरपरको प्लास्टिकजन्य फोहर सङ्कलन गर्न आह्वान गरेका छौँ । विद्यार्थीले एकवर्षको अवधिमा सङ्गलन गरेको फोहरको तौलको आधारमा आगामी वातावरण दिवसमा पुरस्कार दिनेछौँ ।' पालिकाका अध्यक्ष सुवेदीका अनुसार अभियानमा गाउँपालिकाभित्रका २६ सामुदायिक विद्यालय र चार संस्थागत विद्यालयका तीन हजार विद्यार्थी संलग्न छन् । 'कक्षा १ देखि १२ सम्मका विद्यार्थीले विद्यालयमा होस् या समुदायमा आफूले जति सक्छन् त्यति नै प्लास्टिकजन्य फोहर संकलन गरी राख्छन्' उनले भने, 'उनीहरुले संकलन गरेको फोहोरको तौल गरी पुरस्कारस्वरुप रकम उपलब्ध गराउँछौँ ।' गाउँपालिकाले सबै विद्यार्थीको नाममा खाता सञ्चालन गरी सोही खातामा रकम जम्मा गरिदिने तयारी गरिरहेको उनको भनाइ थियो । विद्यालयमा कक्षागतरुपमा विद्यार्थीले प्लास्टिकजन्य फोहोर बोरामा संकलन गरी राख्ने र त्यसको व्यवस्थापन कक्षा शिक्षक तथा विद्यालयका प्रधानाध्यापकले गर्ने व्यवस्था मिलाइएको छ । 'विद्यार्थीले संकलन गरेको प्लास्टिकजन्य फोहोर गाउँपालिकाले तौल गरेर खरिद गर्नेछ' पालिकाका अध्यक्ष सुवेदीले भने, 'उक्त फोहोरलाई गाउँपालिकाले वर्गीकरण गरी पुनः प्रयोग वा बिक्रीको ब्यवस्था मिलाउने छ ।' गाउँपालिकाले यो अभियान थालेसँगै विद्यार्थी उत्साहित भएर प्लास्किजन्य फोहर संकलनमा लागेका फेदीखोला-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयका शिक्षक शोभाकान्त शर्माले बताए । 'विद्यालय परिसरभित्र कतै प्लास्टिकजन्य फोहर देखे पनि बेवास्ता गर्ने विद्यार्थी अहिले नभनिकन टिप्न थालेका छन् ।' उनका अनुसार विद्यार्थीले फोहर कक्षागतरुपमा राखिएको बोरामा संकलन गर्ने गरेका छन् । विद्यालयका कक्षा १ देखि १२ सम्म विद्यार्थीले कक्षागतरुपमा छुट्टाछुट्टै बोरामा फोहर संकलन गर्दै आएका छन् ।**-रासस**

# तानसेनबाट १० जुवाडे पक्राउ

**पाल्पा,** असार ३/ पाल्पाको तानसेनबाट ६६ हजार भन्दा बढी जगद रकमसहित १० जुवाडे पक्राउ परेका छन् । आइतबार दिउँसो तानसेन नगरपालिका-१ भूसालडाँडास्थित एक घरबाट जगदसहित १० जुवाडे पक्राउ परेका हुन् । जिल्ला कार्यालय पाल्पाट खटेको प्रहरी अनुसन्धान अधिकृत सहितको टोलीले भूसालडाँडास्थित गुल्मी रेसुङ्गा ताल्तुङ्ग होटल रहेको घरको तेस्रो तलबाट जुवाडेलाई पक्राउ गरेको छ । प्रहरीले उनीहरुको साथबाट ६६ हजार ८ सय २५ रकम समेत बरामद गरेको जनाएको छ । प्रहरीले लामो समयदेखि जुवाखाल सञ्चालन भइरहेको भन्ने गोप्से सुचनाको आधारमा खोजतलास गर्दा कोठाभित्र जुवा खेलिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले उनीहरुको साथबाट २ हजार १५ थान रातो, निलो रङ्गका तासको पत्ति पनि फेला पारेको छ । जुवाडेलाई नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालय पाल्पाबाट मुलुकी अपराध संहिता २०७४ दफा १२५ बमोजिम म्याद थप गरी थप अनुसन्धान प्रक्रिया अगाडि बढाईएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए ।


## तानसेन नगरपालिकाको अनुरोध


- जन्म, मृत्यु विवाह जस्ता घटना ३५ दिन भित्र वडा कार्यालयहरुमा दर्ता गरौं ।
- सीप सिकौं, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- खडेरीको समयमा आगालागिका घटनाहरु बढी घट्ने हुनाले आगोजन्य सम्भावित प्रकोपबाट बच्न सबै सचेत बनौं ।
- प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।

| जीवन ज्ञवाली | प्रतिक्षा सिंजाली | सन्तोषलाल श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपप्रमुख | नगरप्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा


## खेलकुद समाचार

# नेपाल पहिलो खेलमै मंगोलियासँग पराजित




**काठमाडौं,** असार ३/कीर्गिस्तानको बिस्केकमा सुरु भएको काभा पुरुष भलिबल नेसन्स लिगमा नेपाल पहिलो खेलमै मंगोलियासँग पराजित भएको छ । बिस्केकस्थित चोल्फन-अतामा रहेको स्पोर्ट्स एण्ड रिक्रिएसन कमप्लेक्स गाज्प्रोममा भएको खेलमा नेपाल मंगोलियासँग ३-१ सेटमा पराजित भएको हो ।

मंगोलियाले नेपाललाई २५-१९, २५-२०, २५-२७ , २५ -२० ले हराएको हो । नेपालले सन् २०१८ को एसियन गेम्समा मंगोलियालाई ३-१ को सेटमा हराएको थियो । तर पाँच वर्षपछि पेरि भेट हुँदा भने मंगोलियाले नेपालसँग त्यो हारको बदला लियो । नेपालले नयाँ कप्तान हरि हजुरको नेतृत्वमा पहिलो पटक अन्तर्राष्ट्रिय खेल खेलेको हो । मंगोलिया विरुद्ध नेपालका हेमन्त मल्ल र भीम गाहा मगरले डेब्यु गरे । काभा नेसन्स लिगमा नेपालले आज (सोमबार) घरेलु टोली कीर्गिस्तानसँग खेल्दै छ ।



वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



## अर्थ/कर्पोरेट समाचार

# साताको पहिलो दिन उकालो लाग्यो नेप्से



**पाल्पा,** असार ३/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक यो साता कारोबारको पहिलो दिन उकालो लागेको छ । आइतबार नेप्से परिसूचक ५२ दशमलव २६ अंकले बढेर दुई हजार ९४ दशमलव ३३ को बिन्दुमा पुगेको हो ।

यस्तै आइतबार विभिन्न दुई सय ८० कम्पनीका एक करोड २० लाख ९५ हजार नौ सय ६६ कित्ता शेयर चार अर्ब ८६ करोड ९१ लाख ८४ हजार १६ रुपैयाँमा खरिदबिक्री भएका छन् । बैंकिङ समूह तीन दशमलव ५५ अंकले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचकमा छ सय ९४ दशमलव १४ र निर्जीवन बीमा समूहको उपसूचकमा पाँच सय दशमलव ३० अंकको वृद्धि देखिएको छ । विकास बैंक ५० दशमलव १२, वित्त ३५ दशमलव ७७, होटल तथा पर्यटन दुइ सय ९४ दशमलव ४०, जलविद्युत एक सय दुइ दशमलव ०१, लगानी एक दशमलव ०४ र उत्पादन तथा प्रशोधन समूह एक सय ४२ दशमलव ०१ अंकले बढेको छ । त्यस्तै, लघुवित्त समूहको उपसूचक एक सय तीन दशमलव ५२, म्युचुअल फन्ड शून्य दशमलव १२, व्यापार ८७ दशमलव ०८ र अन्य समूह ८६ दशमलव ३० अंकले बढेको छ । आइतबारको कारोबारामा २८ वटा कम्पनीको शेयर मूल्यमा मात्रै गिरावट देखिँदा छवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रभु लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, ग्रीन भेञ्चर्स लिमिटेड, सुपर मादी हाइड्रोपावर लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र मेन्छियाम हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने शुभम् पावर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ५८ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको ३६ करोड ६४ लाख ९९ हजार एक सय ५८ रुपैयाँ बराबरको छ लाख ४९ हजार छ सय पाँच कित्ता शेयर खरिद बिक्री भएको छ ।

बगनासकाली गाउँपालिका
सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता (पञ्जिकरण सेवा इकाई)
चिर्तुङ्गधारा, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई